नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

P.O. Box no. 213213
Tel: +977-1-4211195, +977-1-4211090
Email: info@bipad.gov.np
Website: bipad.gov.np

# मनसुन २०८१ को ३० दिने अवस्था प्रतिवेदन

(२०८१ जेठ २८ - २०८१ असार २५)


यस वर्ष नेपालमा जेठ २८ (जुन १०) गते मनसुन प्रवेश गर्यो। अक्सर जुन १३ मा पूर्वी नेपालबाट मनसुन सुरु हुने भएपनि यस वर्ष तीन दिन अघि नै आयो।

जल तथा मौसम विज्ञान विभागले यो वर्ष औषतभन्दा बढी वर्षा हुनसक्ने पूर्वानुमान गरेको छ। हुन पनि मनसुन सुरु भएको उन्तीसौं दिन असार २४ गते कञ्चनपुर जिल्लामा अति भारीवर्षा भयो। दोधारा वर्षा मापन केन्द्रले ६२४ मि.मि. पानी परेको देखायो। यो नेपालमा हालसम्म मापन गरिएको सर्वाधिक वर्षा हो। यसअघि २०५० साल साउन ५ गते मकवानपुरको टिस्टुङ वर्षा केन्द्रमा ५४० मि.मि वर्षा मापन भएको थियो।

मनसुन सुरु हुनुअघिदेखि नै यसपाला मनसुनजन्य विपद्का घटना बढ्न सक्ने आँकलन गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पूर्वतयारीमा विशेष जोड दियो। 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८१' तर्जुमा भयो। यसको कार्यान्वयनका लागि सरोकारवाला निकायहरुसँग प्रभावकारी सञ्चार र समन्वय गरीयो। त्यसैगरी पूर्वतयारी, खोज, उद्धार तथा राहतको कामलाई द्रूत बनाउन गृह मन्त्रालयको विपद् तथा द्धन्द्ध व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा मनसुन पूर्वतयारी एवं प्रतिकार्य कमाण्ड पोष्ट गठन भयो। सुरक्षा निकायहरुलाई उद्धार तथा राहतमा काम गर्नको लागि तयारी अवस्थामा राखियो। खोज, उद्धार र राहतको काम गर्न आवश्यक सामाग्रीहरु के कति परिमाणमा कहाँ छन् भन्ने विवरण दुरुस्त राखियो। यो विवरण विपद् पोर्टलमा पनि अद्यावधिक भयो। दातृ निकाय, ढुवानी व्यवसायी लगायत सरोकारवालाहरुलाई उद्धार तथा राहतमा कसरी हातेमालो गर्न सकिन्छ भन्ने विषयमा छलफलहरु भए।


प्राधिकरणको फेसबुक, ट्विटर र युट्युबबाट विभिन्न जनचेतनामूलक सामग्रीहरु प्रचारप्रसार गरियो। त्यस्तै रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन पोर्टलहरुबाट पनि सूचनाहरु संप्रेषण गरियो।

### यस वर्ष मनसुनको पहिलो ३० दिनमा घटेका मनसुनजन्य घटनाहरुको क्षति नक्सामा




नक्सा स्रोत : https://bipadportal.gov.np/incidents/

### यस वर्ष मनसुनको पहिलो ३० दिनमा घटेका अन्य विपद्का घटनाहरुको क्षति नक्सामा





नक्सा स्रोत : https://bipadportal.gov.np/incidents/

## मनसुनजन्य विपद्बाट क्षति पुगेका सरकारी तथा निजी भौतिक संरचनाहरु

- निजी घर क्षति
  पूर्ण क्षति : ९७
  आंशिक क्षति : ८३
- सरकारी कार्यालय
  १
- सरकारी/सामुदायिक विद्यालय
  २
- झोलुङ्गे पुल
  १०
- पक्की पुल
  ४
- जलविद्युत आयोजना
  १


# मनसुनजन्य विपद्का घटना र मानवीय क्षति

| विपद् | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| बाढी | १०६ | १५ | ४ | ४ | ३३४ |
| पहिरो | ३०३ | ३५ | ० | ४३ | ३८६ |
| भारी वर्षा | १७९ | ० | ० | ७ | ४४४ |
| चट्याङ | ९४ | १९ | ० | ३५ | १०० |
| जम्मा | ६८२ | ६९ | ४ | ८९ | १,२६४ |




# अन्य विपद्का घटना

| विपद् | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| आगलागी | १९३ | २ | ० | १८ | २१७ |
| हावाहुरी | २३ | ० | ० | ७ | ४७ |
| जनावर आक्रमण | २७ | १ | ० | १३ | ४५ |
| वन डढेलो | ८ | ० | ० | ० | ४ |
| लेक लाग्नु | ४ | २ | ० | २ | ४ |
| जम्मा | २५५ | ५ | ४ | ४० | ३१७ |




# मनसुनको पहिलो ३० दिन: बाढी, पहिरो, भारी वर्षा, चट्याङको एकमुष्ट तुलना


| मिति | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| २०८० जेठ ३१ – असार २८ | ४५१ | ४२ | २५ | ५६ | २,१६४ |
| २०८१ जेठ २८ - असार २५ | ६९१ | ७२ | ३ | ८९ | १,२७२ |

## मनसुनको पहिलो ३० दिन:  गत वर्ष र यो वर्षको क्षति


### बाढीको क्षति





### पहिरोको क्षति




### चट्याङ्बाट क्षति




### भारी वर्षाबाट क्षति



## मनसुन का ३० दिन : सातवटा प्रदेशमा घटेका विपद्का समग्र घटना र क्षति

| प्रदेश | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार |
|---|---|---|---|---|---|
| कोशी | ३३९ | १७ | २ | २७ | ६३६ |
| मधेश | ७१ | ३ | ० | १६ | १६४ |
| वागमती | १५ | ६ | २ | १६ | ९१ |
| गण्डकी | १३२ | २४ | १ | ३२ | १६५ |
| लुम्बिनी | १४५ | २१ | ० | १९ | २१४ |
| कर्णाली | ८३ | ४ | ० | १५ | १०६ |
| सुदूरपश्चिम | ९६ | ९ | १ | १८ | २३१ |
| जम्मा | ९६१ | ८४ | ६ | १४३ | १,६०७ |

## मनसुनजन्य विपद्का घटना लगत्तै खोज, उद्धार तथा राहतका कार्य :

- २०८१ असार २२ र २३ गते देशभर परेको भारी वर्षाका कारण विपद्का घटना बढेपछि उच्च जोखिममा रहेका १२५ जनालाई सुरक्षा निकायहरुद्धारा जिवितै उद्धार ।
- विपद्मा परी ज्यान गुमाएका ६९ जनाका परिवारलाई मापदण्ड अनुरुप दुई लाख रुपैयाँका दरले राहत वितरणका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा रकम निकासा।
- ओखलढुङ्गा, ताप्लेजुङ, कालीकोट र बझाङबाट चार जनालाई हेलीकोप्टरबाट उद्धार।
- जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस लगायत संघ संस्थाद्धारा प्रभावित परिवारलाई खाद्यान्न तथा गैरखाद्यान वस्तु वितरण ।
- मनसुनबाट प्रभावित परिवारलाई तत्काल राहत स्वरुप रु १५ हजार देखि २० हजारसम्म वितरण।
- कैलाली र कञ्चनपुरमा मनसुनबाट प्रभावित परिवारलाई तत्काल उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण ।

## मनसुन सुरु भए यता विभिन्न जिल्लामा पठाइएका राहत सामग्रीको विवरण

| तारपुलिन | ब्ल्याङ्केट | म्याट्रेस | भाँडाकुँडा | झुल | सरसफाई/ डिग्निटी किट | कपडा (मिटर) | पुरुषको धोती | ब्याग |
|---|---|---|---|---|---|---|---|---|
| ७४५ | २९५ | २०५ | १२५ | १०० | २२५ | १,१३८ | ५० | ५० |


स्रोत : नेपाल रेडक्रस सोसाइटी

| त्रिपाल | टेन्ट | ब्ल्याङ्केट | म्याट्रेस | स्लिपिङ ब्याग |
|---|---|---|---|---|
| ५२० | ५० | ३०० | १०० | ५० |


स्रोत: गृह मन्त्रालय

## मनसुन वर्षा विवरण

चित्र १: मनसुनको पहिलो ३० दिनको  वर्षा मापन नक्सा




चित्र २: मनसुनको पहिलो ३० दिनमा देशका  प्रमुख २० वटा  केन्द्रमा मापन गरिएको वर्षा र  यस अवधिमा हुने सरदरसँगको तुलना




यस अवधिको जम्मा वर्षा: ५३९.० मि.मि.  
यस अवधिको सरदर वर्षा: ३६३.० मि.मि.  
सरदरसँगको वर्षाको तुलना: १४८.५%

# मनसुनजन्य विपद्का केही तस्वीरहरु



२०८१ असार १९ गतेको अविरल वर्षाले डुबान भएपछि कैलालीको भजनी न.पा.- ५ मा उद्धार कार्यमा सक्रिय उद्धारकर्मीहरु।



२०८१ असार २३ गते अविरल वर्षापछि कैलालीको जोशीपुर गाउँपालिकामा बाढी र डुबानका कारण फसेका बासिन्दाहरुलाई उद्धार गर्दै सुरक्षाकर्मी र स्थानीयबासी।



तनहुँको शुक्लागण्डकी नगरपालिका - ७ मा असार २२ गते पहिरोले घर पुरिएपछि खोज तथा उद्धारमा जुट्दै सुरक्षाकर्मीहरु। पहिरोमा परी तीन जनाको मृत्यु भएको थियो।



गुल्मीको मालिका गाउँपालिका – ६ मा असार १५ गते पहिरोले घर पुरिएपछि खोज तथा उद्धारमा खटिदै स्थानीयबासी र सुरक्षाकर्मी। पहिरोमा एकै परिवारका पाँच जनाको मृत्यु भएको थियो।

## सम्बन्धित दस्तावेजहरु

- मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१ https://bipad.gov.np/np/1160
- दैनिक विपद् बुलेटिन https://bipad.gov.np/np/daily-bulletin

मिति : २०८१ साउन ४

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं